# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## पचालझरना गाउँपालिका
## कालिकोट




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ८३

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
पचालझरना गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
कालिकोट ।

**कैफियत सहितको राय**

हामीले पचालझरनागाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ४ करोड ९४ लाख ६५ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ४४ लाख २२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ७० लाख ५५ हजार, नियमित गर्नुपर्ने २ करोड ३४ लाख ६२ हजार र पेश्की रू. ४५ लाख २६ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ९ करोड ९० लाख ६२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १४ करोड ८५ लाख २७ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्रासिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शंकर प्रसाद पन्थी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

पचालझरना गाउँपालिका, कालिकोट

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७४ | १६ | ४९४६५ | ० | ० | ० | ७४ | १६ | ४९४६५ | ४४२२ | २३४६२ | १७०५५ | ० | ० | ४०५१७ | ४५२६ |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पचालझरना गाउँपालिका कालिकोट | ९९०६२ | ० | ० | ९९०६२ | ० | ४९४६५ | १४८५२७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : पचालझरना गाउँपालिका, कालिकोट , पचलझरना गाउँपालिका , कालिकोट

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Birendra Bahadur Bam | २०७७-११-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Purna Chandra Kafle | २०७८-८-१ | |
| | | **बेरुजु रकम** | ४९,४६४,९५५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,६२,३६,६२२.३३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २९,९२,६१,३१० | **चालु खर्च** | २६,४६,६५,००० |
| **प्रदेश सरकारबाट अनुदान** | २,०१,५६,४८८ | **पूँजीगत खर्च** | ११,९४,१९,७३७ |
| **राजश्व बाँडफाँट** | ४,७९,१८,०७९.९४ | **वित्तीय/अन्य व्यवस्था** | १२,९२,१६,५५१.१४ |
| **आन्तरिक आय** | ६,०७,००० | | |
| **अन्य आय** | १३,४९,०५,९७१ | | |
| **कुल आय** | ५०,२८,४८,८४८.९४ | **कुल खर्च** | ५१,३३,०१,२८८.१४ |
| **बाँकी मौज्दात** | | ५७,८४,१८३.१३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **स्थानीय संचित कोष, परिचय र वित्तिय विवरणः** | |

**स्थानीय संचित कोष, परिचय र वित्तिय विवरणः**

**क) स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| **सि.नं** | **आयतर्फ** | | | **सि.नं** | **व्ययतर्फ** | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **रकम** | | **विवरण** | **रकम** | **रकम** |
| **१** | **गत वर्षको जिम्मेवारी** | | १६२३६६२२।३३ | **१** | **गत वर्ष अल्यावाट खर्च** | | १६२३६६२२।३३ |
| | क) नगद | | | | **चालु आ व २०७८ को व्यय** | | |
| | ख) बैंक | | | **२** | **समानिकरण अनुदान खर्च** | | ८९२०००००।०० |
| **२** | **राजस्व ( आन्तरिक आय)** | | | **३** | स्थानीय निकाय सशर्त अनुदान | | १९३४२६९६१।४० |
| | | | | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) आन्तरिक राजस्व | | ६०७०००।० | ४ | संघीय कोष फिर्ता | | १४२२५५००।० | | |
| | | | | | ख) राजस्व बाँडफाँड | | ४७९१८०७९।९४ | ५ | स्थानीय तह प्रशासकिय भवन पुर्वाधार विकास कार्यक्रम | | ४१०९८४।० | | |
| | | | | | ग) अन्य आय | | | ६ | **जेष्ठ नागरिक तथा सा सु** | | ४६०३३२४७।० | | |
| | | | | ३ | **वित्तिय हस्तान्तरण संघ** | | | ७ | स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | | २५०००००।० | | |
| | | | | | क) वित्तिय समानीकरण अनुदान | | ८९२०००००।० | ८ | गरिवसंग विश्वेश्वर | | ५४६०००।० | | |
| | | | | | ख) सशर्त अनुदान | | २०९८०२८१०।० | ९ | संघीय विशेष | | २५८५००।० | | |
| | | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ग) समपूरक अनुदान | | | **१०** | **प्रदेश समानीकरण** | | १०१०२०००।० | | |
| | | | | | घ) संघीय विशेष | | २५८५००।० | **११** | **प्रदेश सशर्त चालु अनुदान** | | ८००००००।० | | |
| | | | | **४** | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | **१२** | **प्रदेश समपुरक** | | १४४५२७७।० | | |
| | | | | | क) वित्तिय समानीकरण अनुदान | | १०१०२०००।० | **१३** | **प्रदेश विशेष** | | ६०९२११।० | | |
| | | | | | ख) सशर्त अनुदान | | ८००००००।० | १४ | आन्तरिक आय | | ४३३९८०।० | | |
| | | | | | ग) समपुरक अनुदान | | १४४५२७७।० | १५ | धरौटी | | ८७७९५२।० | | |
| | | | | | घ) विशेष अनुदान | | ६०९२११।० | **१६** | **आईटी अफिसरको तलव** | | ७५००००।० | | |
| | | | | **५** | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | **१७** | **संघीय राजश्व बाँडफाँड** | | ४७९१८०७९।९ | | |
| | | | | **६** | **अन्य संघ** | | | | **अन्य** | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | क) स्थानीय तह | | ४१०९८४।० | **१८** | **उद्योग,पर्यटन,वन तथा** | | ६५०००००।० | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रशासनिक भवन | | | | **वातावरण मन्त्रालय चालु** | | | | |
| | | | | | ख) जेष्ठ नागरिक तथा सा सु | | ४६०३३२४७।० | **१९** | **उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय पुँजिगत** | | ५००००००।० | | |
| | | | | | ग) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | | २५००००००।० | २० | सामाजिक विकास मन्त्रालय चालु | | २४४३४२३।० | | |
| | | | | | घ) गरिवसंग विश्वेश्वर | | ५४६०००।० | २१ | सामाजिक विकास मन्त्रालय पुँजिगत | | ७४९१४३८।० | | |
| | | | | | आइटी अफिसर तलव | | ७५००००।०० | | | | | | |
| | | | | **७** | **अन्य प्रदेश** | | | २२ | मुख्यमन्त्री रोजगार, उद्यम शिलता तथा आयआर्जन कार्यक्रम | | ४९५५५०००।० | | |
| | | | | | उद्योग, पर्यटन, वन तथा | | ६५००००००।० | २३ | आन्तरिक मामिला तथा | | २१५००००।० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | वातावरण चालु | | | | कानून मन्त्रालय चालु | | | | |
| | | | | | उद्योग, पर्यटन, वन तथा वातावरण पुँजिगत | | ५००००००।० | २४ | कर्णाली उज्यालो तथा एकिकृत वस्ति विकास कार्यक्रम | | ८००००००।० | | |
| | | | | | **सामाजिक विकास मन्त्रालय चालु** | | २४४३४२३।० | २५ | **प्र=ले=नि=का= फिर्ता** | | १५०००००।० | | |
| | | | | | **मुख्यमन्त्री रोजगार, उद्यमशिलता तथा आयआर्जन कार्यक्रम** | | ५१०५५०००।० | **२६** | **२०७७।७८ बैंक मौज्दात** | | | | |
| | | | | | **आन्तरिक मामिला तथा कानून मन्त्रालय चालु** | | २१५००००।० | | गापा सञ्चित कोष खाता | | १६४८८९।१७ | | |
| | | | | | **कर्णाली उज्यालो तथा एकिकृत वस्ति विकास** | | ८००००००।० | | गापा चालु खाता | | ६०१६३६।३९ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **कार्यक्रम** | | | | | | | | |
| | | | | | **सामाजिक विकास मन्त्रालय पुँजिगत** | | ७४९१४३८।० | | गापा पुँजिगत खाता | | १३१७७२६।५७ | | |
| | | | | **७** | **विभिन्न कोषतर्फको आय** | | | | आन्तरिक राजश्व खाता | | १७३०२०।० | | |
| | | | | **८** | **जनसहभागिता (नगद)** | | | | विविध कोष खाता | | २३१२८८७।५० | | |
| | | | | **९** | **विषयगत निकायबाट प्राप्त** | | | | प्रकोप व्यवस्थापन कोष खाता | | ६६०९६।५० | | |
| | | | | **१०** | **धरौटी आय** | | २०२५८७९।० | | धरौटी खाता | | ११४७९२७।० | | |
| | | | | **११** | **लगानीको साँवा फिर्ता** | | | | | | | | |
| | | | | **१२** | **अन्य विविध आय** | | | | | | | | |
| | | | | | **जम्मा** | | **५१९०८५४७१।२७** | | **जम्मा** | | ५१९०८५४७१।२७ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उल्लेखित कारोबारहरुको लेखापरीक्षण ऐन, महालेखापरीक्षकको कार्यालयको स्वीकृत मन्त्रालयगत लेखापरीक्षण योजना, इकाईगत लेखापरीक्षण योजना, जोखिम विश्लेषण, लेखापरीक्षण नीति मानदण्ड, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्धपत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा तयार गरी स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको बिधि अनुसार नमूना छनौट (Sampling) का आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलिमा रहेको सिमित साधन र श्रोत, सूचनाको पहुचमा हुने सिमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी बैद्यता परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षकको जिम्मेबारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिबेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेबारी व्यवस्थापन पक्षको रहेको छ ।<br>लेखापरीक्षणबाट देखिएको व्यहोराहरुको मस्यौदा प्रतिवेदन उपर व्यवस्थापनसँग मिती २०७८।०६।२१ मा छलफल भइ पेश भएका थप कागजातहरु समेत परीक्षण गर्दा कायम हुन आएका व्यहोराहरु निम्नानुसार रहेका छन्ः<br><br>**ख) परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पचालझरना पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पचालझरना गाँउपालिका अन्तर्गत ९ वडा, ४७ सभा सदस्य, १९६.६६ वर्ग किलोमिटर क्षेत्रफल तथा १५ हजार ४४३ जनसंख्या रहेको छ ।<br><br>**ग) वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु.६ लाख १ हजार ६३६, पुजीगत खर्च खातामा रु. १३ लाख १७ हजार ७२६ समेत गरी रु. ७ लाख ६६ हजार ५२५ मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २o53 को नियम 6 क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ५२ जनाको दरबन्दी रहेकोमा १६ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु ९३ लाख ८९ हजार ८७७ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३ | | | **सम्पत्ति हस्तान्तरण :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ४ | | | **बजेट पेश, पारित र अख्तियारी -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा मिति २०७७।३।१० गते रु. ४३ करोड ९९ लाख ८९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।१० मा पारित भएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **गत बर्षको दायित्व -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७६।७७ मा बिभिन्न व्यक्ति तथा फर्महरुलाई रु. ५ लाख ६१ हजार ४७७ भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत समेत नगराई यो बर्ष (२०७७।७८) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी खर्च गरेको कारण रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| ८ | | | **चौमासिक पूँजीगत खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ को उपदफा ३ अनुसार प्रमुख प्रशासकिय अधिकृतले गाँउपालिका कोषवाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । | |

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|
| | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिना** |
| चालु खर्चतर्फ | २६४६६५००० | ८८१००००० | ८४४६५००० | ९२०००००० | ८३०००००० |
| पूँजिगत | ११९४१९७ | ८२१२२८० | २९२२००८१ | ८१६८७३७ | ६०२५२८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>खर्चतर्फ</td><td>३७</td><td></td><td></td><td>६</td><td>४०</td></tr>
<tr><td>जम्मा</td><td>३८३९८४७३७</td><td>९६६१२२८०</td><td>११३६८५०८१</td><td>१७३६८७३७६</td><td>१४३२५२८४०</td></tr>
<tr><td>प्रतिशत</td><td></td><td>२५.१६</td><td>२९.६</td><td>४५.२४</td><td>३७.३०</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ३८ करोड ३९ लाख ८४ हजार ७३७ खर्च भएकोमा प्रथम ९ करोड ६६ लाख १२ हजार अर्थात २५.१६ प्रतिशत, दोश्रो चौमासिकमा रु. ११ करोड ३६ लाख ८५ हजार, अर्थात २९.६ प्रतिशत र तेश्रो चौमासिकमा रु.१७ करोड ३६ लाख ८७ हजार, अर्थात ४५.२४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १४ करोड ३२ लाख ५२ हजार अर्थात ३७.३० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चको स्थितिः<br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | आर्थिक विकास | २५०७८००० | २०१५२००० | ५.२६ | | |
| | | | २ | पूर्वाधार विकास | ९४५९७००० | ६१४२४००० | १६.०२ | | |
| | | | ३ | सामाजिक विकास | २२२००९००० | २०७९४१००० | ५४.२६ | | |
| | | | ४ | बातावरण तथा विकास | ० | ० | ० | | |
| | | | ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १९०३०००० | १७९३४००० | ४.६८ | | |
| | | | ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ७९२७४००० | ७५७६७००० | १९.७८ | | |
| | | | **जम्मा** | | ४३९९८८००० | **३८३२१८०००** | १०० | | |
| | | | उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५४.२६ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबैभन्दा घटी ४.६८ प्रतिशत रहेको छ । | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>खर्च बिश्लेषणः<br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु ६ लाख ७० हजार राजस्व, बाँडफाँड र अनुदानबाट रु ३६ करोड ८१ लाख ३५ हजार ८७८ समेत रु आम्दानी भएकोमा रु २९ करोड ९८ लाख १६ हजार २९४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०-२२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी स'बिधामा रु १० लाख १६ हजार खर्च भएको छ जुन आन्तरिक आयको १५२ प्रतिशत रहेको छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>लक्ष्य प्रगति :<br>कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलार्इ जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/ योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>९०</td><td>२</td><td>७</td><td>२</td><td>१</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १६ जना पदपूर्ती भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १३ | | | **बढी तलब भत्ता भुक्तानी -**<br>गो भौ नं. ७१ मिति २०७८/३/१३ बाट पोषण स्वयमसेवक विमल कठायतलाई पुष देखि असार महिनासम्मको जम्मा ७ महिनाको तलव रु १,३३,०००।०० भुक्तानी हुनुपर्नेमा ८ महिनाको तलव रु. १९,०००। दरले जम्मा रु. १,५२,०००। भुक्तानी गरेको देखिन्छ ।एक महिनाको बढी भुक्तानी भएको तलव रकम असुल उपर गर्नुपर्ने रु. | १९,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४</td><td></td><td></td><td>
करार कर्मचारीलाई अवकास भुक्तानी:<br>
स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा ९१ मा अवकास कोषको व्यवस्था छ । जसवमोजिम स्थानीय तहले स्थानीय सेवाको कर्मचारी निजको सेवासम्बन्धी कानूनवमोजिम अवकास हुदा उपदान, निवृत्तिभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन एक अवकास कोष स्थापना गर्नसक्ने र सो कोषमा कर्मचारीले खाईपाई आएको मासिक तलववाट १० प्रतिशत कट्टा गर्ने र स्थानीय तहले पनि सोहि वरावरको रकम थप गरि जम्मा गर्ने व्यवस्था छ । तर करार सेवाको कर्मचारीतर्फ अवकास भुक्तानी पाउने सम्वन्धी कुनै कानूनी व्यवस्था विद्यमान नरहेको अवस्थामा कार्यालयले करारका कर्मचारी सेवावाट अलग हुँदासमेत विना कुनै कानून आधार गाँउ कार्य पालिकाको मिति २०७७।९।२८ को निर्णय नं १५ वाट निर्णय गरि भुक्तानी दिएको देहाय वमोजिमको रकम नियमित देखिएन ।
<table>
<tr><th>गो भौ नं/मिति</th><th>विवरण</th><th>भुक्तानी पाउने</th><th>रकम</th></tr>
<tr><td rowspan="2">१७९,२०७७।१२।२४</td><td rowspan="2">अवकास भुक्तानी</td><td>पशुविना वम</td><td>१२५०००।०</td></tr>
<tr><td>नन्दाखर न्यौपाने</td><td>१२५०००।०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२५००००।०</td></tr>
</table>
</td><td>२५०,०००</td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **कर्मचारी करार –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा २८ जना कर्मचारीहरु करारमा राखि रु.९४ लाख ७० हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ४ पदमा ६ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ४२ लाख ३७ हजार ६१० भुक्तानी गरेको अनियमित दिखएको रु....... | ४,२३७,६१० |
| १६ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १७ | | | **सेवाप्रवाहको स्थिति :** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>७९०</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>४३०</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>४५</td></tr>
<tr><td>विवाह दर्ता</td><td>८०</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>८</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | कालोपत्रे सडक मर्मत | ० | | |
| | | | ग्राभेल सडक निर्माण | ० | | |
| | | | ग्राभेल सडक मर्मत | ० | | |
| | | | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **योजना छनौट र कार्यान्वयन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><table><tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr><tr><td>२५</td><td>१०</td><td>१६</td><td>१६</td><td>२३</td><td>९०</td></tr></table>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१० लाख माथि जम्मा २३ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **कानून र सञ्चालन स्थिति –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| २० | | | **न्यायीक समिति –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी र यो बर्ष समेत न्यायिक समितीमा कुनै उजुरी रहेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **भ्रमण खर्च :**<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>• अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो ।<br><br>त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| २२ | | | **पदाधिकारी सुविधा –**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले æ कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५Æ वमोजिम सुविधा नपाएका पदाधिकारी वा सदस्यले सो सुविधा नपाएको मितिदेखि यस ऐनवमोजिमको सुविधा पाउने व्यवस्था गरेको छ । जसअनुसार गाउपालिकाले पदाधिकारी सुविधामा ८४ लाख ८४ हजार ३०० लेखेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **विविध खर्च** – <br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १७ लाख ८६ हजार ८३४ खर्च गरेको छ । | |
| २४ | | | **आर्थिक सहायता** – <br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. २,००,०००।०० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २५ | | | **अनुदान फिर्ता** – <br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु | १४,२५२,५०० |

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २०९८०२८१० | १९५५५०३१० | १४२५२५०० |
| | विषेश | २८५५०० | २८५५०० | ० |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समपुरक | ० | ० | ० | | |
| | | | | अन्य | | | | | |
| | | | **प्रदेश सरकार** | शसर्त | ८०००००० | ८०००००० | ० | | |
| | | | | विषेश | ६०९२११ | ६०९२११ | ० | | |
| | | | | समपुरक | १४४५२७७ | १४४५२७७ | ० | | |
| | | | | अन्य | | | | | |
| | | | | **जम्मा** | **२२०१४२७९८** | **२०५८९०२९८** | **१४२५२५००** | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>
ठेक्का व्यबस्थापनः<br>
सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः (रु.हजारमा)
<table>
<tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">बोलपत्र</th><th colspan="2">तेश्रो चौमासिकमा व्यवस्था भएको</th></tr>
<tr><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>२२९०२०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>१४</td><td>१०४३१६</td><td>४</td><td>४५४१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>
बार्षिक खरिद योजना/गुरुयोजना :<br>
सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.८,२४,३२,२३०।००  पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>सवारीसाधन खरिद –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पाग्रे सवारि साधन खरिदमा रु.३ लाख ५० हजार बजेट खर्च गरेको छ ।<br><table><tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr><tr><td>१</td><td>मोटरसाइकल</td><td>१</td><td>३५००००।०</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>३५००००।०</td></tr></table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>आयको अनुमानः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु. ६ लाख ७ हजार अर्थात अनुमान भन्दा ७० प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>आन्तरिक आयः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><table><tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr><tr><td>२७६७७२३०८।००</td><td>६०७०००।००</td><td>०.२१</td></tr></table>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.२१ तिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>कर तथा शुल्क असुली -<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><table><tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr><tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>२००००००।०</td><td>३०००००।०</td><td>१५</td></tr><tr><td>अन्य कर</td><td>१३७३५०००।०</td><td>३०७०००।०</td><td>२.२३</td></tr></table>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>राजश्व अभिलेख :<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **राजश्व दाखिला :**<br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम २७(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ९ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम नियमावलीमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ३४ | | | **भुक्तानीमा कर –**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा कर दाखिला भएको देखिएन ।तसर्थ उक्त कर असुल भएको भौचर पेश हुनुपर्दछ । रु | ४३१,८०७ |

| **गोभौनं./मिति** | **विवरण** | **कर रकम** |
|---|---|---|
| | विविध कन्टिन्जेन्सि खर्च | ११८२७०।०० |
| | प्रदेश सरकार वाट हस्तान्तरीत पुँजिगत | ३१३५३७।०० |
| | **जम्मा** | ४३१८०७।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **विल विजक :**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२ अनुसार निर्माण व्यवसायी, आपूर्तिकर्ता सेवा प्रदायक वा परामर्शदाताले यस नियम बमोजिम भुक्तानीको लागि पेश गर्ने रनिङ विल वा अन्य कुनै विल विजकमा विल वा विजकको मिति, आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदाताको नाम ठेगाना, आपूर्ति गरिएको मालसामान वा सेवाको विवरण वा सम्पन्न भएको निर्माण कार्यको नाप, आकार, परिमाण र मूल्य, आदि कुरा उल्लेख गर्नु गरी रीतपूर्वकको सक्कल विजक जारी गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०७८/३/२५ गो भौ नं. १४९ बाट सामुदायिक विद्यालयहरुका छात्र/छात्राहरुका लागि स्यानिटरी प्याड खरिद गरे वापत न्यू देउती एण्ड अर्डर सप्लायर्सलाई रु. २०००१०। भुक्तानी गरेको देखिन्छ । सो सँग सँलग्न विजकमा विजक नं. हातले केरमेट गरको पाइयो जुन नियमसम्मत देखिएन ।रितपूर्वकको विजक समावेश गरी उल्लेख हुनुपर्ने कुराहरु उल्लेख भएको यकिन गरी भुक्तानि गर्ने गरी व्यवस्थित गर्नुपर्दछ । | |
| ३६ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्र्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **लागत सहभागिता —**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ३८ | | | **जटिलसंरचना निर्माण –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **सव कन्ट्याक्टरबाट काम गराएको**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले ग्राभेलको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ । | ३,४६०,६३९ |

| कार्यक्रम | भौ.नं/मिति | योजनाको नाम | सव कन्ट्राक्टर | रकम |
|---|---|---|---|---|
| ३५००००११४ | २,२०७८।३।२३ | पडेक्षा रंगशाला निर्माण समिति | कर्णाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ९५००००।० |
| ३६५००१०४३ | १,२०७८।३।२२ | सन्नापाटादेखि गौरीखोलासम्म स नि उ स | भद्रकाली विल्डर्स प्रा लि | २५१०६३९।० |
| | **जम्मा** | | | ३४६०६३९।० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **शिक्षक दरवन्दी र पदपूर्ति -**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| **सि.नं.** | **विद्यालयको नाम** | **शिक्षक दरबन्दी** | **पदपूर्ति** | **पदपूर्ति मध्ये** | **विद्यार्थी** |
|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | करार | संख्या | | |
| | | | १ | सरस्वती मा वि भिटा | १३ | १३ | ४ | ४०२ | | |
| | | | २ | कालिका मा वि खयरकोट | ५ | ५ | २ | ३३९ | | |
| | | | ३ | जनता मा वि खार्दु | ७ | ७ | ३ | ३१५ | | |
| | | | ४ | ज्ञानोदय मा वि राम्नाकोट | १५ | १४ | ४ | ४३० | | |
| | | | ५ | पञ्चकालिका मा वि वाझकोट | ६ | ६ | ० | ४६० | | |
| | | | ६ | पंगेलि मा वि नुवाघर | ४ | ४ | १ | ४६२ | | |
| | | | ७ | सरस्वती मा वि सिकु | १० | १० | ५ | ४०७ | | |
| | | | ८ | विद्यादेवि मा वि मयकोट | ८ | ८ | २ | ३९५ | | |
| | | | ९ | नविकरण आ वि वाझकोट | ३ | ३ | १ | २८७ | | |
| | | | १० | जनप्रिय आ वि वलुगाँउ | ५ | ५ | २ | ३८५ | | |
| | | | ११ | कालिकादेवि आ वि वयगाउ | ४ | ४ | २ | ३८९ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १२ | कालिकादेवि आ वि कोटिला | ३ | ३ | ० | १०५ | | |
| | | | | १३ | कर्णाँली आ वि तिखाती | ४ | ४ | १ | ३२६ | | |
| | | | | १४ | जनज्योति आ वि मेला खार्दु | ० | ० | ४ | २६९ | | |
| | | | | १५ | थामिढुङ्गा आ वि खडितोली | ० | ० | ४ | १७४ | | |
| | | | | १६ | लालिगुरास आ वि चौली | ० | ० | २ | १५९ | | |
| | | | | १७ | नौमुले आ वि धमाली | ० | ० | ३ | २५५ | | |
| | | | | १८ | शिशुकल्याण आ वि भंक | ३ | ३ | १ | ६० | | |
| | | | | १९ | हिमाल आ वि थामकोट | ० | ० | २ | १६० | | |
| | | | | २० | चुलिमालिका आ वि लाफा | ३ | ३ | १ | १०९ | | |
| | | | | २१ | कालाशिल्ला आ वि वाझकोट | ३ | ३ | २ | १७२ | | |
| | | | | २२ | कालिकादेवि आ वि | ४ | ४ | १ | २९४ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | तोलिभिड | | | | | | |
| | | | २३ | विद्यामन्दिर आ वि वयलाकोटी | ३ | ३ | १ | ८० | | |
| | | | २४ | कर्णाली आ वि सि विस्खेत | ० | ० | २ | १२० | | |
| | | | २५ | चमत्कार आ वि वाझकोट | ० | ० | २ | १२७ | | |
| | | | २६ | मस्टादेव आ वि काडागाँउ | ० | ० | १ | ९२ | | |
| | | | २७ | नमुना वा वि के टुडिखेत | ० | ० | १ | ३० | | |
| | | | २८ | विद्याज्योति वा वि के खार्दु | ० | ० | १ | २८ | | |
| | | | २९ | नमुना वा वि के पोरिज्युला | ० | ० | १ | २९ | | |
| | | | दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७७ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ५३ लाख ८९ हजार तलब भत्ता भुक्तानी गरेको पाईयो । | |
| ४२ | | | **औषधी खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु १९लाख ४४ हजार १६९ का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन् : | |
| ४२.१ | | | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| ४२.२ | | | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | |
| ४२.३ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४२.४ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| ४२.५ | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम –**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३९७ जनालाई रोजगारी उपलव्ध गराई रु १ करोड ८७ लाख ३६ हजार ५९७ खर्च गरेको छ । लक्षित वर्गल ३० दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ४४ | | | **सोझै खरिद –**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभैm खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ सोझै खरिद गरेको देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | शीर्षक | गो भौ न /मिति | कामको विवरण | भुक्तानी पाउनेको नाम र ठेगाना | भुक्तानी रकम | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **गा पा चालु** | १८,२०७७।६।२६ | मसलन्द | डि एन आई इलेक्ट्रोनिक्स | १९०९७०।० | | |
| | | | | | १९,२०७७।६।२६ | मसलन्द | हाम्रो पसल | १८३११६।० | | |
| | | | | | ३८,२०७७।७।२७ | मसलन्द | राधिका स्टेशनरी एण्ड जनरल अर्डर सप्लायर्स | १९४२४७।० | | |
| | | | | | ३५९,२०७८।२।२८ | मसलन्द | हाम्रो पसल | २२१४१३।० | | |
| | | | | | ३६५,२०७८।३।२४ | औषधि | हाम्रो सर्जिकल हाउस | ४४९१७०।० | | |
| | | | | **गा पा कृषि** | १४,२०७७।१२।१२ | कृषि सामाग्री | यु लाईक एग्रोभेट सेन्टर | ३०३४६०।० | | |
| | | | | | | **जम्मा** | | **१५४२३७६।०** | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>सफ्टवेयर खरिद -<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले योजना अभिलेखसम्बन्धी सफ्टवेयर खरिद गरी रु. ४ लाख ९८ हजार खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>मर्मत सम्भार तथा संरक्षण आदेश -<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ अनुसार सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भए सोको लिखित जानकारी त्यस्तो मालसामानको उपयोगकर्ताले सो निकायको प्रमुखलाई दिनुपर्ने र लागत अनुमान स्विकृत गरि मर्मत गराउनुपर्ने व्यवस्था छ । त्यसैगरी कार्यालयले सम्पतिको समयमै मर्मत, सम्भार गरि प्रयोगमा ल्याउने, उक्त मर्मत सम्भार तथा संरक्षण खर्चलाई तुलनात्मक विश्लेषणको आधारमा विश्लेषण गर्न कुनै सम्पत्तिलाई मर्मत गर्नुअघि मर्मत सम्भार तथा संरक्षण आदेश म ले प फा नं ४१४ स्विकृत गर्नुपर्दछ । तर कार्यालयले देहायअनुसारका सम्पत्तिको मर्मत गर्दा उल्लेखित व्यवस्था पालना गरेको देखिएन ।<br><table>
<tr><th>गो भौ न /मिति</th><th>कामको विवरण</th><th>भुक्तानी पाउनेको नाम र ठेगाना</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२२,२०७७।६।२६</td><td>सवारी मर्मत</td><td>ग्लोवन अर्डर</td><td>७४५१२।०</td></tr>
<tr><td>६३,२०७७।९।२५</td><td>सवारी मर्मत</td><td>पि एच एस मो सा रिपेयरिङ्ग सेन्टर</td><td>८४७२५।०</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ९२,२०७७।९।१९ | सवारी मर्मत | ग्लोवल वर्कसप | ९०११८।० | | |
| | | | ९७,२०७७।१०।१९ | सवारी मर्मत | असिम अटो पार्टस | ५११९५।० | | |
| | | | ११२,२०७७।१२।१० | सवारी मर्मत | पि एच एस मो सा रिपेयरिङ्ग सेन्टर | १२५६२२।० | | |
| | | | १२०,२०७७।१२।१३ | सवारी मर्मत | नरिमान सेजुवाल | ९५२१२।० | | |
| | | | १३३,२०७७।१२।१९ | सवारी मर्मत | पि एस एस मो सा रिपेयरिङ्ग सेन्टर | ४३२७५।० | | |
| | | | ३५९,२०७८।३।२८ | मर्मत | शाही अटो पार्टस | ७७०००।० | | |
| | | | | **जम्मा** | | ६४१६५९।० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **गत वर्षको भुक्तानी (गाउँपालिका चालु)**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) अनुसार गत वर्ष दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च सो खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल भर्पाईवमोजिमको रकम आगामि वर्षमा भुक्तानी दिने गरि महालेखा परीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकिको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले देहायवमोजिम गत आर्थिक वर्षको वाकि भुक्तानी गर्नको लागि वार्षिक कार्यक्रममा वजेट समावेश गरेको तर कोष तथा लेखा नियन्त्रक कार्यालयलवाट भुक्तानी दिन वाँकिको कच्चावारी प्रमाणित गराएको छैन । | |

| गो.भौ. नं/ मिति | विवरण | रकम |
|---|---|---|
| ४०,२०७७।७।१० | गतको भुक्तानी | ५००००।० |
| ५१,२०७७।८।१० | वन हेरालो | ८००००।० |
| १२५,२०७७।१२।१३ | कार्यसञ्चालन खर्च | ११००००।० |
| १३६,२०७७।१२।२० | कार्य सञ्चालन खर्च | १०६८००।० |
| १३७,२०७७।१२।२० | कार्य सञ्चालन खर्च | ९८८७५।० |
| १३९,२०७७।१२।२० | कार्य सञ्चालन खर्च | १९३००।० |
| १७३, २०७७।१२।२४ | कार्यसञ्चालन | ९६५०२।० |
| | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ५६१४७७।० | |
| ४८ | | | **वढी भुक्तानीः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९-५_ मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भरपाई , प्रमाण र कागजात सलंग्न गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ खर्च गर्नु पर्ने व्यवस्था छ ।कार्यलयले प्रदेश सरकारवाट हस्तान्तरीत पुँजिगत शिर्षकवाट ३।२०७८।०३।२७ वाट सम्झौता र कार्यसम्पन्न वमोजिम शिसु कल्याण आ वि लाई रु ९३२७४६।०० भुक्तानी हुदा कट्टि गरिएको रु १४२०४।०० कर समेत भुक्तानी भएकोले असुल भई राजस्व खातामा दाखिला भएको प्रमाण पेश हुनु पर्दछ । | १४,२०४ |
| ४९ | | | **खरिद व्यवस्थापनतर्फ**<br>झोलुंगे पुल निर्माणको सामान खरिदका लागी जुनकिरी इण्डस्ट्रिज प्रा.लि.सँग वोलपत्र नं. ४ बाट धुलझर्ना पुलका लागी रु. ८,३०,०४२।०० र बोलपत्र नं. ५ बाट गोव्रेगंखेत पुलका लागी रु. १३,६८,८८७।०२ समेत रु. २१,९८,९२९।०० को सम्झौता गरिएकोमा यसवर्ष कार्य सम्पन्न भई २०७८।३।२५ मा रु. २१,९८,९२९।०० भुक्तानी भएको छ । उक्त सामाग्री पुल निर्माण स्थलमा झारिएको र निर्माण कार्य बाँकी नै रहेको कागजातहरुका आधारमा देखिन्छ । संघिय हस्तान्तरण कार्यक्रम अन्तर्गत २०७७।९।२४ मा उपभोक्ता समितीलाई उक्त पुलका पार्टसहरु जडान गरी पुल निर्माण गर्न सम्झौता गरि पेस्की रु. ५,००,०००।०० दिइएकोमा लेखापरीक्षण अवधिसम्म जडान भएको देखिएन । उक्त पुल जडान गरी कार्यसम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु. | २,१९८,९२९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **कार्य सम्पन्न प्रतिवेदन -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ५१ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु . ३८ लाख ९५ हजार कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ५२ | | | **सार्वजनिक परीक्षण -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **गुणस्तर परीक्षण -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने कुनैपनि सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ५४ | | | **मूल्य अभिवृद्धि कर कट्टी र दाखिला:**<br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) वमोजिम सरकारी निकाय तथा संघ सँस्थाहरुले करार गरी खरिद गरेको बस्तु तथा सेवाको बिल भुक्तानी गर्दा आर्थिक ऐन, २०७६ वाट संसोधन अनुसार मूल्य अभिवृद्धि करको ५० प्रतिशत र आर्थिक ऐन, २०७८ वाट संसोधन अनुसार मूल्य अभिवृद्धि करको ३० प्रतिशत कट्टा गरी सम्वन्धीत आपूर्तकको नामवाट मूल्य अभिवृद्धि कर शिर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निम्न फर्मलाई सम्झौता वमोजिम मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा कट्टा गरी मूल्य अभिवृद्धि कर शिर्षकमा दाखिला गरेको नपाईएकोले उक्त रकम समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु... | १७१,३१० |

| गो भौ र मिति | फर्म | मूअ कर भुक्तानी रकम | असुल गर्नुपर्ने मूअ कर |
|---|---|---|---|
| १०६।०७८।१२।१७ | धर्म निर्माण सेवा | ५७४०७।०० | २८७०४।०० |
| २६०।०७७।१२।२५ | निकिल निर्माण सेवा | ५७३५३।०० | २८६७७।०० |
| २५९।०७८।१।१४ | निकिल निर्माण सेवा | ५६९८५।०० | २८४९२।०० |
| २१२।०७८।३।३१ | हेम निर्माण सेवा | ५५८२२।०० | १६७४७।०० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २१०।०७८।३।२२ | कुशल निर्माण सेवा | ५७०७५।०० | १७१२३।०० |
| २२०।०७८।३।२५ | कुशल निर्माण सेवा | ५७३४१।०० | १७२०४।०० |
| २५७।०७८।३।२८ | कुशल निर्माण सेवा | ५७४१२।०० | १७२२४।०० |
| १९९।०७८।३।२५ | चिरन्जिवि निर्माण सेवा | ५७१३१।०० | १७१३९।०० |
| | | जम्मा | १७१३१०।०० |

५५

**एउटै फर्मवाट सीमा भन्दा वढी खरीद कार्यः**

सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) बमोजिम ५ लाख सम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरीद गर्न सकिने तथा सोही नियमावलीको नियम ८५(१ख) वमोजिम एक आर्थिक वर्षमा एक पटक वा पटक पटक गरी पाँच लाख भन्दा वढीको खरीद गर्न नसकिने व्यवस्था गरेको छ।नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा कार्यालयले विभिन्न निर्माण कार्य, सामान खरिद तथा परामर्श सेवा लिदा निम्नानुसार वोलपत्र एवं सिलवन्दी दरभाउपत्रवाट खरिद नगरि खरिद योजना बेगरनै पटक पटक सोझै खरीद गरेको पाइयो । खरीद नियमावलीमा भएको व्यवस्था विपरित खरीद कार्य गर्दा प्रतिस्पर्धात्मक खरीद कार्य हुन सकेको छैन ।खरीद कार्य गर्दा नियमावलीको व्यवस्था वमोजिम गर्नुपर्दछ।साथै नियमावली विपरित तोकिएको सीमा भन्दा वढी हुने गरी पटक पटक सोझै खरीद कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ र मिति | कामको विवरण | निर्माण व्यवसायी | भुक्तानी रकम | जम्मा भुक्तानी |
|---|---|---|---|---|
| १३१। | HDP पाइप | पचालझरना अर्डर | ४९८२८४।०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८।२।११ | खरिद | सप्लायर्स | | ९९७०४७।०० | | |
| | | | | १३०। ०७८।२।११ | | निर्देशजंग निर्माण सेवा अर्डर सप्लायर्स | ४९८७६३।०० | | | |
| | | | | १२२। ०७८।२।८ | फिल्टर खरिद (वडा नं. ३ का लागी) | यमन ट्रेडर्स एण्ड सप्लायर्स | ४७७०५०।०० | | | |
| | | | | ११९। ०७८।२।८ | फिल्टर खरिद (वडा नं. ८ का लागी) | यमन ट्रेडर्स एण्ड सप्लायर्स | ४९४४००।०० | | | |
| | | | | १०४। ०७८।२।७ | फिल्टर खरिद | यमन ट्रेडर्स एण्ड सप्लायर्स | ३२७५४०।०० | २५६१०२९।०० | | |
| | | | | १०३। ०७८।१२।९ | फिल्टर खरिद | यमन ट्रेडर्स एण्ड सप्लायर्स | ४७८८००।०० | | | |
| | | | | १२०। ०७८।२।८ | फिल्टर खरिद (वडा नं. ५ का लागी) | बागेश्वरी इलेक्ट्रोप्लाजा प्रा.लि. | ४९६२३९।०० | | | |
| | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १०५। ०७८।२।७ | फिल्टर खरिद | बागेश्वरी इलेक्ट्रोप्लाजा प्रा.लि. | २८७०००।०० | | | |
| | | | ११६। ०७८।२।८ | कार्पेट, कुशन, पर्दा | बाराही ट्रेडर्स एण्ड सप्लायर्स | ३२१४८५।०० | ७२५७१०।०० | | |
| | | | ११५। ०७८।२।८ | मेशिनरी औजार | बाराही ट्रेडर्स एण्ड सप्लायर्स | २१५९४५।०० | | | |
| | | | ११२। ०७८।२।८ | फर्निचर | बाराही ट्रेडर्स एण्ड सप्लायर्स | १८८२८०।०० | | | |
| | | | १०७। ०७८।२।७ | जस्तापाता खरिद | एस.के.डी. कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १६२४९९।०० | ५२५३३१।०० | | |
| | | | | जस्तापाता खरिद | यमन ट्रेडर्स एण्ड सप्लायर्स | ३६२८३२।०० | | | |
| | | | | | जम्मा | | ४८,०९,११७।०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **खरको छाना मुक्त कार्यक्रम :** <br>एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यस कार्यक्रममा ६० लाख बजेट विनियोजन गरेकोमा ६५ लाख खर्च गरेको छ । यस्तो वितरणमुखि कार्यक्रममा वितरणका लागी नागरिक छनौटको आधार र मापदण्ड स्पस्ट नभएको, जडान गरिएको स्पस्ट प्रमाण पेश नभएको स्थिति रहेको छ । यस्ता वितरणकारी खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ५७ | | | **रा.वा. बैंक मौज्दात -** <br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोमाभन्दा बढीको खरिद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ ।गाउँ सभाले अध्यक्ष तथा उपाध्यक्ष कोषमा बार्षिक बजेट एकमुष्ट रु. ६० लाख विनियोजन गरेको छ । यसरी अवण्डा रहेको उक्त रा.वा. बैंक मौज्दातबाट यसवर्ष रु.५१,८१,२२१।०० खर्च भएको देखिन्छ । उक्त खर्चका लागी बजेट तथा कार्यक्रम गाउसभाबाट स्वीकृत गरिएको छैन । कार्यक्रम, योजना, कार्यविधि स्वीकृति बेगर कार्यपालिकाको तजविजका आधारमा यस शिर्षकबाट रु. ३५,३४७।०० देखि ४,९९,०४३।०० सम्म चालु खर्च, राहत तथा कोटेशनबाट बाटो निर्माणमा सोझै खरिद गरी खर्च गरेको देखिन्छ । यस मौज्दातबाट खर्च गरेको रकम प्राथमिकता प्राप्त क्षेत्रमा भन्दा अधिकांशतः अनुत्पादक, र बजेटमा विनियोजन भइ उपभोक्ता समितीद्धारा संचालन भएकै क्षेत्रमा समेत खर्च गरेकोले दोहोरो खर्च हुने सम्भावना समेत रहेको देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८</td><td></td><td></td><td>अनुत्पादक खर्चः<br>एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । निम्नानुसारका खर्चहरु व्यक्तिगत एबम् अनुत्पादक खर्चहरु रहेको र खर्चको आधार र मापदण्ड बेगर खर्च गरिएको, चालु प्रकृतिको खर्च पूँजीगत शिर्षकबाट गरिएकोले यस्ता वितरणकारी खर्चमा नियन्त्रण गरिनुपर्दछ । चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरि वजेट खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । भौ नं २२४।०७८।३।२५ बाट कुशल म्यूजिक प्रा.लि.का संचालक स्वर्णिम शाहीलाई अडियो, भिडियो निकाले वापत भनी रु. २,००,०००।०० आर्थिक सहायता स्वरुप भुक्तानी दिएको देखिन्छ । रु. २०,०००।०० घटीका ११ वटा प्यान विल संलग्न गरीएकाले मूल्य अभिबद्धि कर तथा आयकर ५६,०००।०० समेत गुमेको देखिन्छ । वितरणमुखि यस्ता खर्चवाट गाउपालिकाले कुनै लाभ आर्जन नगर्ने हुँदा र गाउपालिकाले उक्त म्यूजिक प्रा.लिका संचालकलाई गितार र तवला किन्न, स्टुडियो आउदा जादाको खर्च एबं खाजा र खानाको खर्च सार्वजनिक निकायले व्यहोर्नु औचित्यपूर्ण नदेखिएकाले असुल गर्नुपर्ने रु.<br>
<table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>५९.१</td><td>कुशल म्यूजिक प्रा.लि.का संचालक स्वर्णिम शाही</td><td>२,००,०००</td></tr></table></td><td>२००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६०</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । भौ नं १३८।०७८।२।१८ बाट एल्वम रेकर्डिंग र छायांकन गरे वापत नन्द बहादुर बुढालाई अडियो, रु. ५०,०००।०० आर्थिक सहायता स्वरुप भुक्तानी दिएको देखिन्छ । भौचरसाँथ खर्चलाइ पुस्टी हुने कुनै कागजात संलग्न गरिएको छैन। वितरणमुखि यस्ता खर्चवाट गाउपालिकाले कुनै लाभ आर्जन नगर्ने हुँदा र गाउपालिकाले उक्त एल्वम सिर्जनाकर्तालाई गरिएको खर्च सार्वजनिक निकायले व्यहोर्नु औचित्यपूर्ण नदेखिएकाले असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>६०.१</td><td>नन्द बहादुर बुढा</td><td>५०,०००</td></tr>
</table></td><td>५०,०००</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>डीपीआर खर्च –<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको देखियो । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।पालिका अन्तर्गतका योजना डीपीआरका आधारमा छनौट गर्नुपर्नेमा डीपीआर बेगर नै छनौट गरिएको छ । तयार गरिएका केहि डीपीआर अध्ययन गर्दा ठेक्का सम्झौता सँगसगै सोहि योजनाको डीपीआर तयार गरेको देखिएको र डीपीआरको आबश्यकता विश्लेषण बेगर डीपीआर गरेको देखिन्छ ।
<table>
<tr><th>गोभौनं./ मिति</th><th>परामर्शदाता</th><th>कामको विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>१३।</td><td>रत्ना इन्जिनियरिंग</td><td>पालिका भवनको डिपिआर</td><td>१७९९५२५</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७।७।<br>२७ | कन्सल्टेन्सी प्रा.लि. | | | | |
| | | | | २१६।<br>०७८।३।<br>२५ | जि.के.ग्रुप अफ कम्पनी | गाउपालिकाको मास्टरप्लान र डिजाइन | ४९८००० | | |
| | | | | १८७।<br>०७८।३।<br>३० | मुभ इन्जिनियरिंग कन्सल्टेन्सी एण्ड रिसर्च प्रा.लि. | पर्यटन प्रवद्र्धन केन्द्रको विस्तृत सर्भे | ४९८३३० | | |
| | | | | १८६।<br>०७८।३।<br>३० | मुनलाइट इन्जिनियरिंग एण्ड रिसर्च कन्सल्टेन्सी प्रा.लि. | पद्ममार्ग बेञ्च मंच को सर्भेक्षण | ४९८२१७ | | |
| | | | | १८५।<br>०७८।३।<br>३० | श्रीस्थान इन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि. | ट्वाइलेट ब्लक र गार्ड पोस्टको विस्तृत सर्भेक्षण | ४९७७६५ | | |
| | | | | १४०।<br>०७८।२।<br>१८ | अ.स.ई.निरज रोकाया | स्वास्थ चौकी देखि काडागाँउसम्म ग्रामिण सडकको काटो काट्ने कार्यको सर्भे | ३३०६७५ | | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see inner table below) | |
| ६२ | | | **बढी भुक्तानी :** निम्न भौचरहरुवाट निम्नानुसार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु. | १,४७०,८९७ |

| | | | |
|---|---|---|---|
| | जम्मा | | ४१२२५१२ |

| भौ.नं. मिती | विवरण | हुनुपर्ने भुक्तानी | भएको भुक्तानी | बढी भुक्तानी रु |
|---|---|---|---|---|
| २१३।०७८।३।२३ | धवलपुरा माड्डु देखि आचार्य टोलसम्म सडक निर्माण उ.स. | २६५६०३४ | २८५०००० | १९३९६६ |
| ८८।०७७।१२।२५ | भुजानथला देखि तोलिभिड सडक निर्माण उ.स. | १३५२४१४ | १५२४३३४ | १७१९२० |
| ६५।०७७।१०।१९ | लाफागाड देखि पणेक्षा सडक मर्मत उ.स. | १७८६३१२ | २०१४३०० | २२७६८८ |
| ४०।०७७।१०।१९ | पणेक्षा देखि अल्के सम्म सडक निर्माण उ.स. | ५०२२८४९ | ५६७५८१९ | ६५२९७० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>५३।०७७।१०।१९</td><td>डउठे अल्के पणेक्षा सडक उ.स.</td><td>१७२५७९७</td><td>१९५०१५०</td><td>२२४३५३</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१४७०८९७</td></tr></table></td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>उपभोक्ता समितिः<br>सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ मा रू १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने व्यवस्था रहेको छ ।गाउपालिकाले वित्तिय समानीकरण अनुदान तर्फका सम्पूर्ण निर्माण कार्यहरु उपभोक्ता समितिबाट गराइएको छ । दीर्घकालिन सोच अनुरुप योजनाहरुको डिपिआर तयार गरी सो अनुरुप बजेट विनियोजन नगरी प्रत्येक वर्ष टुक्रा टुक्रा लागत अनुमान तयार गरी बजेट विनियोजन गर्ने गरिएको छ । यसले गर्दा एकातर्फ बजेट छरिएर प्रबाह हुँदा योजनाको प्रतिफल गुणस्तरिय ढंगवाट हासिल नहुने र अर्कोतर्फ खरिद ऐन तथा नियमाबलीको पालना हुन नसकेकोले लागत प्रभावी र मितव्ययि बन्न नसकेको अवस्था छ । सार्वजनिक खरिद ऐन, 206३ सार्वजनिक खरिद नियमावली, 2064 बमोजिमको प्रतिस्पर्धात्मक प्रकृया अवलम्वन गरी निर्माण कार्य हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>प्राविधिक बिल र कार्य सम्पन्नः<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **लागत सहभागिता —**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ६६ | | | **मर्मतसंम्भारः**<br>नियम ९७ ३ (घ) मा उपभोक्ता समितिवाट सम्पन्न निर्माण कार्यको मर्मत संभार उपभोक्ता समितिले गर्नु पर्ने, उपनियम १० मा कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व समेत हस्तान्तरण उपभोक्तालाई गर्नुपर्ने उल्लेख छ ।यस पालिकाले उपभोक्ता समिति मार्फत संञ्चालन गरीएका निर्माण कार्यहरू कुनैपनि हस्तान्तरण गरेको नदेखिएको र गत विगतमा कार्य सम्पन्न गरीएका कार्यहरूको उपभोक्ताले मर्मत संम्भार पनिगरेको देखिएन ।कानुनत तोकिएको अवस्था सम्झौतामा समावेस गरी लाभग्राही वा उपभोक्ता समितिले संचालन गरेका योजनाहरू सोही उपभोक्ता समिति बाट मर्मत सम्भार र रेखदेख गर्ने व्यवस्था गरी स्थानीय उपभोक्तालाई स्वामित्व हस्तान्तरण गरी हरेक वर्ष मर्मत संम्भारमा बढ्दै गएको सरकारी खर्चलाई नियन्त्रण गरीनु पर्दछ। | |
| ६७ | | | **सव कन्ट्याक्टरबाट काम गराएको :**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले निम्नानुसार सडक निर्माणको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । उपभोक्ता समितिले पालिकासँग सम्झौता गरी कामको जिम्मेवारी लिने, आफुले लिएको पुरै काम पुन निर्माण व्यवसायीसँग सम्झौता गरी कार्य | १५,५१४,३०३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गराउदा नियमावलीमा भएको व्यवस्था विपरित देखिएकाले काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाई नियमित गर्नुपर्ने | |

| गो.भौ नं/मिति | उपभोक्ताको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| २१३। ०७८।३।२३ | धवलपुरा माडु देखि आचार्य टोलसम्म सडक निर्माण उ.स. | २८५०००० | चिरंजिवि निर्माण सेवा | २८५०००० |
| ८८। ०७७।१२। २५ | भुजानथला देखि तोलिभिड सडक निर्माण उ.स. | १५२४३३४ | चिरंजिवि निर्माण सेवा | १५२४३३४ |
| ६५। ०७७।१०। १९ | लाफागाड देखि पणेक्षा सडक मर्मत उ.स. | २०१४००० | तिला कर्णाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २०१४००० |
| ४०। ०७७।१०। १९ | पणेक्षा देखि अल्के सम्म सडक निर्माण उ.स. | ५६७५८१९ | तिला कर्णाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ५६७५८१९ |
| ५३। | डउठे अल्के पणेक्षा सडक | १९५०१५० | कुशल निर्माण | १९५०१५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>०७७।१०।१९</td><td>उ.स.</td><td></td><td>एण्ड अर्डर सप्लायर्स</td><td></td></tr>
<tr><td>२५८। ०७८।३।२८</td><td>भैसिसैन देखि नानिकोट उ.स.</td><td>१५०००००</td><td>चिरंजिवि निर्माण सेवा</td><td>४००००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१५५१४३०३</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>
कर कट्टा नगरेको:<br>
आयकर ऐन, २०५८ को दफा ८९ को ३क बमोजिम उपभोक्ता समिति मार्फत काम गराउदा रू. ५० लाख रूपैयाँ भन्दा वढीको भुक्तानी रकममा १.५ प्रतिशतका दरले कर कट्टा गरी राजश्व दाखीला गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिलाइ दिइएको रू. ५० लाख रूपैयाँ भन्दा वढीको निम्न भुक्तानीमा कर कट्टी गरी राजश्व दाखिला गरेको नदेखिएकोले निम्नानुसार कर असुल गरी राजश्व दाखिला गर्नुपर्ने रू.
<table>
<tr><th>गो.भौ नं/मिति</th><th>उपभोक्ताको नाम र कार्य</th><th>विवरण</th><th>भुक्तानी रु</th><th>कर रु</th></tr>
<tr><td>४०।०७७।१०।१९</td><td>पणेक्षा देखि अल्के सम्म सडक निर्माण उ.स.</td><td>सडक निर्माण</td><td>५६७५८१९।००</td><td>१०७६२७।००</td></tr>
</table>
</td><td>१०७,६२७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | **प्रमाण पेश गर्ने :**<br>(व उ शि नं ३५००००११३, भौ नं ७, मिति २०७८।३।२३) कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयको छोरि सुरक्षा कार्यक्रमतर्फ बैंक जम्मा गर्न पठाएको रु. ६ लाखमध्ये ४ लाख ९८ हजारको मात्र नामनामेसि सहितको विवरण छ । वाँकी १ लाख २ हजार रुपैया विविध खर्च खाता नं ०७४०१०१७५००१९२ मा जम्मा गरिएको हुनाले सो रकम छोरीको खातामा जम्मा भएको विषयमा एकिन हुन सकिएन । तसर्थ सो रकम सम्बन्धित छोरीको खातामा जम्मा भएको बैंक दाखिला पत्र र भौचर पेश हुनुपर्दछ । | |
| ७० | | | **धरौटीतर्फ :**<br>कार्यालयमा अल्या धरौटीको हिसाव प्राप्त हुन सकेन । गोश्वारा धरौटी खाता, व्यक्तिगत धरौटी खाता र धरौटीको बैंक नगदी किताव राखिएको छैन । बैंक स्टेटमेन्टको आधारमा मात्र धरौटीको आर्थिक विवरण तयार पारिएको छ । आगामी दिनमा विद्यमान समस्या सुधार गर्दै धरौटीका स्विकृत मलेप फारामहरुको प्रयोग गरि धरौटिको हिसाव अद्यावधिक राख्नुपर्दछ । | |
| ७१ | | | **सामाजिक सुरक्षातर्फ :**<br>सामाजिक रुपमा पछाडि परेका वर्ग, क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न सामाजिक सुरक्षा भत्ता प्रणाली रहेको छ । यो कार्यक्रम अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु ४६०३३२४७।०० खर्च गरेको छ । यस कार्यक्रमबाट लक्षित वर्गका रुपमा रहेका जेष्ठ नागरिक, एकल महिला, विधवा, बालबालिका, र अशक्तहरु समेत लगभग ३२०० जना लाभान्वित भएको देखिन्छ । | |
| ७२ | | | सामाजिक सुरक्षा भत्ता प्रणाली व्यवस्थित गर्न, सामाजिक सुरक्षा कार्यक्रममा प्रभावकारीता ल्याउन तथा नियमन गर्न नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ लागु गरेको छ । सामाजिक सुरक्षा भत्ताको सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन् : | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यविधिमा उल्लेख भए झै लाभग्रहीहरुको मूल अभिलेख एम आइ एस मा अद्यावधिक गरीसो अभिलेख अनुसार भत्ता वितरणको लागि निकासा माग गर्नु पर्ने सोही अभिलेख अनुसारको वितरण फाराम प्रिन्ट गरी वितरण भरपाइको रुपमा एम आइ एस प्रणाली प्रयोग गरेको देखिएन ।<br>• एम आइ एस प्रणाली प्रयोग नगर्दा र वडा कार्यालयमा रहने फोटो सहितको अद्यावधिक मूल अभिलेख खाता लेखापरीक्षणमा पेश नहुंदा भत्ता वितरणको भरपाई भिडान गरी खर्चको यथार्थता पहिचान गर्न सकिएन ।<br>• अधिकांश वडाहरुका बालबालिका पोषण भत्ता वितरण गरेको भरपाइ फारामहरुमा वालवालिको उमेर खुलाएको देखिएन ।<br>• सामाजिक सुरक्षा भत्ताको पारदर्शिताको लागि पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण बसाइँ सराइ र मृत्यु जस्ता विषयहरु चौमासिक तथा वार्षिक रुपमा सार्वजनिक गर्नुपर्नेमा सार्वजनिक गरेको देखिएन ।<br>• वडा समितिले प्रत्यक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रमको सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नु पर्नेमा सो गरेको देखिएन ।<br>• यस कार्यक्रमको नियमित अनुगमन मूल्यांकन र सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति रहनुपर्नेमा समिति गठन भएको देखिएन ।<br>• कार्यविधिले व्यवस्था गरेका उपरोक्तमा उल्लेखित व्यहोराहरु पालना नभएको हुँदा सामाजिक सुरक्षा भत्ता खर्च यथार्थ र विश्वसनीय रहेको भन्ने आधार रहेन ।<br><br>पालिकाले पहिलो चौमासिक भत्ता नगदै वितरण गरेको छ भने दोस्रो र तेस्रो किस्ता वैंक मार्फत वितरण गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | **तथ्यांक अध्यावधिक :**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदा नं. १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाईं प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन । कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ । | |
| ७४ | | | **सार्वजनिक सुनुवाई :**<br>पालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ।नगरपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन।गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ । | |
| ७५ | | | **लाभग्राहीको नाम नविकरण :**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ७(१) मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन ।कार्विधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६ | | | **प्रतिवेदन पेश गर्नुपर्ने :**<br>सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ ।उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिक प्रतिवेदन मंसिर ७ गते भित्र दोस्रो चौमासिक प्रतिवेदन चैत ७ गतेभित्र र तेस्रो चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोकेबमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा नगरपालिकामा सो नियमको पालना भएको पाइएन ।पालिकाले नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७७ | | | **भत्ता रकम वितरण व्यवस्थाः**<br>सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि २०७५ को नियम १६ (क) मा स्थानिय तहले सम्बन्धित वडा कार्यलयमार्फत प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ताभित्र दोस्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गरि सक्नुपर्ने व्यवस्था भएकोमा कार्यर्विधिको पालना भएको पाइएन।पालिकाले कार्यविधिको पालनमा ध्यान दिनुपर्दछ। | |
| ७८ | | | **पारदर्शिता कायम गर्नुपर्ने :**<br>सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि २०७५ को नियम ३३ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्नेछ साथै (ख) मा स्थानिय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा सोको पालना भएको पाइएन ।पालिकाले कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९ | | | **विवरण पठाउनु पर्ने :**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा नगरपालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ । | |
| ८० | | | **विपद् व्यवस्थापन कार्ययोजना:**<br>विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७-२_ तथा विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम -८_ मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद व्यवस्थापन समितिवाट स्वीकृत एकिकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरि स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरि कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सवै पक्षको समन्वय र संलग्न गराउने, विपद पुर्व तयारी तथा प्रति कार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहतको व्यवस्था गर्ने, ऐनवमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद सुचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रमसहितको कार्ययोजना तयार गरी लागु गर्ने गराउने सम्बन्धि व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएको कार्यहरु गरेको पाईएन । ऐन तथा नियमावलीको पालना गर्नपर्दछ । | |
| ८१ | | | **वार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८२ | | | **राहत उद्धार तथा पुनर्स्थापना (कोभिड १९) तर्फः**<br>बजेट खर्च गर्दा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, आर्थिक कार्यविधी नियमावली २०६४, मूल्य अभिवृद्धि कर ऐन २०५२ र नियमावली २०५३, आयकर ऐन २०५८ अनुसारका प्रक्रिया अपनाउनु पर्दछ । ऐन नियमको प्रावधान पालना नभएको देखिएकोमा संकटको समयमा सवारी साधन नचल्ने व्यापार व्यवसाय नखुल्ने र समस्या भई तुरुन्तै खर्च गर्नुपर्ने भएकोले नियमका व्यवस्था पालना हुन नसकेको पालिकाको भनाई रहेको छ ।यस पालिकाले कोरोना रोकथाम र व्यवस्थापनमा रु ३३००००००।०० खर्च गरेको छ । | |
| ८३ | | | महामारी फैलन सक्ने अबस्थालाई मध्यनजर राख्दै यस गाउपालिकाबाट सम्पादन गरिएको पूर्बतयारी सम्बन्धी कार्यहरु निम्नअनुसार रहेको पाइयो ।<br>: | |

| पूर्व तयारी सम्बन्धी गर्नुपर्ने कार्य | सम्पादन भएका प्रमुख क्रियाकलापहरु | खर्च रकम |
|---|---|---|
| क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | २ ठाउमाक्वारेन्टाइन निर्माण | २००००० |
| आइसोलेसन निर्माण | १५ बेडको आइसोलेसन निर्माण | ३००००० |
| | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८४ | | | कोरोनाको समयमा कार्य गर्ने कर्मचारीहरुलाइ प्रदान गरिएको जोखिम भत्ता सम्बन्धी निम्न विवरण पाइयो । :<br><table><tr><th>क्रस</th><th>जोखिम भत्ता पाउने पदाधिकारी</th><th>कर्मचारी वा पदाधिकारी संख्या</th><th>भत्ताको प्रकार</th><th>२०७७।७८ सम्म खर्च रकम</th><th>कैफियत</th></tr><tr><td>१</td><td>स्वास्थ्यकर्मी</td><td>३१</td><td>जोखिम भत्ता</td><td>१३०००००।००</td><td></td></tr><tr><td colspan="2">**जम्मा**</td><td>**६६**</td><td></td><td>१३०००००।००</td><td></td></tr></table> | |
| ८५ | | | **आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजु :**<br>कार्यालयका आन्तरिक लेखापरीक्षणमा उल्लेख भएका व्यहोरा हालसम्म पनि कायमै रहेका छन । आन्तरिक लेखापरीक्षणवाट औंल्याएको व्यहोराहरु अविलम्व फस्यौंट हुनुपर्दछ । आन्तरिक लेखापरीक्षणमा औंलयाएका व्यहोराहरु यसप्रकार छन ।<br><table><tr><th>व उ शि न</th><th>गो भौ नं</th><th>व्यहोरा</th><th>रकम -रु_</th></tr><tr><td>गाँउपालिका शिक्षा</td><td>१६</td><td>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.</td><td>४६९५१।०</td></tr><tr><td>गाँउपालिका स्वास्थ्य</td><td>५१</td><td>पारिश्रमिक कर, अग्रिम आय कर वहाल कर दाखिला गर्नुपर्ने रु</td><td>१९६०६५।०</td></tr><tr><td></td><td></td><td></td><td></td></tr></table> | २,५५९,८४९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कृषि शाखा</td><td>१९</td><td>सामाजिक सुरक्षा कर दाखिल गर्नुपर्ने रु =</td><td>१५३१०।०</td></tr>
<tr><td>गाँउपालिका चालु</td><td>३८९</td><td>अग्रिम आयकर, सामाजिक सुरक्षा र नागरिक लगानी कोष दाखिला गर्नुपर्ने रु</td><td>८३०५५७।०</td></tr>
<tr><td>गाँउपालिका पुँजिगत</td><td>२७६,२७७, २७९</td><td>अग्रिम आयकर, पारिश्रमिक कर र मु अ कर दाखिला गर्नुपर्ने रु</td><td>५२४५३५।०</td></tr>
<tr><td>संघीय सरकार सशर्त पुँजिगत अनुदान</td><td>३३</td><td>धरौटी, मु अ कर कट्टि र अग्रिम आयकर कट्टि दाखिला गर्नुपर्ने रु</td><td>९४६४३१।०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२५५९८४९।०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>
पेश्की बाँकी :<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार दिईएको पेश्कि काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफुले गरेको कामका सम्बन्धमा खर्च प्रमाणित गर्ने बिल, भर्पाई र कागजातसहितको प्रतिवेदन पेश गरी फस्र्यौट गर्नुपर्दछ । पालिकामा नियमानुसार काम सम्पन्न भएपछि फस्र्यौट हुनुपर्ने पेश्की हालसम्म पनि फस्र्यौट हुन सकेको छैन । काम सम्पन्न भएपछि अविलम्ब पेश्कि फस्र्यौट हुनुपर्दछ । पेश्की बाँकिको विवरण यसप्रकार छ ।
<table>
<tr><th>गो भौ नं÷ व उ शि</th><th>काम</th><th>पेश्कि लिनेको नाम</th><th>पेश्कि रकम रु</th></tr>
<tr><td>२४९, गापा चालु</td><td>सभा सञ्चालन खर्च</td><td>महाजित थापा</td><td>१५००००।०</td></tr>
</table>
</td><td>४,५२६,२८०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ५१, गापा पुँजिगत | छपाई | विकास सञ्ज्याल | ५०००००।० | |
| | | | ३५, गापा चालु | अन्य भाडा | नरिमान सेजुवाल | २०००००।० | |
| | | | ४४, गापा चालु | विविध | दान व वम | ९०००।० | |
| | | | ३५, गापा पुँजिगत | जारकोट भवन | कुशल निर्माण सेवा | २५८५०००।० | |
| | | | २, गापा पुँजिगत | गोब्रेखेत झो पु | गोव्रेखेत झो पु उ स | ५६२२८०।० | |
| | | | ८७, गापा पुँजिगत | धुलछहरा झो पु | धुलछहरा झो पु उ स | ३५००००।० | |
| | | | ५१, गापा पुँजिगत | पर्यटन | नविन शाही | २००००।० | |
| | | | ७७, गापा पुँजिगत | उर्जा | विष्णुलाल न्यौंपाने | १०००००।० | |
| | | | ७९, गापा पुँजिगत | वन तथा वातावरण | देवेन्द्र प्र चौलागाई | ५००००।० | |
| | | | | | | **२१९३७८०** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८७ | | | अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ९८९५३२५५।०० | ०।०० | ९८९५३२५५।०० |

**अद्यावधिक बेरुजु -** यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ९,८९,५३,२५५।०० | ०।०० | ४,७१,०६,४५६।०० | ०।०० | १४,६०,५९,७११।०० |



https://nams.oag.gov.np